# भर्चुअल शैक्षिक परिसंवाद २०२०

ब्रिटिश काउन्सिल नेपालले यही **असोज ७ देखि ११ गतेसम्म (२३ देखि २७ सेप्टेम्बर)**सम्म **'विद्यालय नेतृत्व'** विषयक **चौथो भर्चुअल शैक्षिक परिसंवाद** आयोजना गरिरहेको छ ।

यस भर्चुअल परिसंवादले विद्यालयको नेतृत्व, यसका वरिपरिका सिद्धान्तहरू र नेपाल तथा अन्य मुलुकका नीतिगत तथा अभ्यासगत तहमा भइरहेका कार्यप्रणालीका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिनिर्णयकर्ता र सरोकारवालाहरू तथा व्यापक शैक्षिक समुदायका लागि प्रस्तुति, बहस र छलफलका लागि मञ्च प्रदान गर्नेछ ।

विश्वभरिका धेरैजसो देशहरूका लागि शिक्षा नीति बनाउने क्रममा विद्यालय नेतृत्व छलफलको मुख्य बुँदा हुने गरेको छ, किनकि यसले शिक्षण र सिकाई अभ्यासहरूको परिभाषित गर्नमा महत्वपूर्ण भूमिका खेल्ने गर्छ । प्रायः यसलाई नीति र अभ्यासको मध्यस्थ मानिन्छ, विद्यालयका नेतृत्वकर्ताहरूले विद्यालयको पूर्वाधार विकास, समग्र व्यवस्थापन, शिक्षकको प्रभावकारिता तथा विद्यार्थीको सिकाइ पार्ने प्रभावमा महत्वपूर्ण भूमिका खेल्ने गर्छन् । नेपालको विद्यालय क्षेत्र विकास योजना (एसएसडीपी) ले पनि विद्यालयहरूमा नेतृत्व क्षमता बढाउनु पर्नेमा जोड दिँदै भनेको छ- " प्रधानाध्यापकले शिक्षकको कार्य सम्पादन मूल्यांकन, शिक्षकले काममा बिताउने समयको अनुगमन, शिक्षकको सक्षमता विकास आदि लगायत विद्यालयको प्राविधिक पक्षमा ध्यान केन्द्रित गर्छन् ।"
उनीहरूले शिक्षा प्रणालीको विकासमा त्यस्तो महत्वपूर्ण भूमिका खेलिरहेको भए पनि प्रभावकारी विद्यालय नेतृत्वको अभ्यासका विषयका वरिपरि थोरैमात्र अनुसन्धान र संवाद गरिएको छ ।

यस अवसरमा ब्रिटिस काउन्सिल नेपालले क्रिस ट्वीडेले र जेस स्टोफेनबर्गद्वारा सम्पादित 'नेपालमा सफल सिकाइ विकास : पाठ्यक्रम, शिक्षा पद्धति र विद्यालय नेतृत्वको बारेमा अन्तरदृष्टि' शीर्षकको प्रकाशन पनि सार्वजनिक गर्नेछ, यस पुस्तकलाई शिक्षा तथा मानव सस्रोत विकास केन्द्र (सीईएचआरडी)का महानिर्देशक डा. तुलसी थपलियाले पनि समीक्षा गर्नुभएको छ ।

प्रकाशन सार्वजनिक गरिएपछि ब्रिटिस काउन्सिलको वेबसाइटबाट डाउनलोड गर्नयोग्य संस्करणमा उपलब्ध हुनेछ ।

**ब्रिटिस काउन्सिल नेपालका राष्ट्रिय निर्देशक शाहिडा म्याकडगलले भन्नुभयो-** "विद्यालयको समग्र विकासको लागि प्रभावकारी विद्यालय नेतृत्व महत्वपूर्ण रहन्छ । प्रधानाध्यापक र प्राचार्य (प्रिन्सिपल)हरू प्रायः नीति र अभ्यासको बीचमा मध्यस्थताको रूपमा मानिन्छन् र समग्र विद्यालयको पूर्वाधार, व्यवस्थापन, शिक्षक प्रभावकारिताको विकास गर्न महत्वपूर्ण भूमिका खेल्दछन्, जसले विद्यार्थीको सिकाइ र उपलब्धीहरूमा योगदान पुऱ्याउनका लागि महत्वपूर्ण भूमिका खेल्दछ । हालैका वर्षहरूमा संयुक्त अधिराज्यमा विद्यालय नेतृत्वको उत्कृष्टता परिभाषित गर्न धेरै ठूलो काम गरिएको छ । यस परिसंवादले नेपालका विद्यालय नेतृत्वकर्ता र नीतिनिर्माताहरूका लागि शिक्षाको गुणस्तर सुधार गर्ने मूल उद्देश्यबाट सिक्नको लागि उत्तम अभ्यासका उदाहरण र अनुभव उपलब्ध गराउने छ भने अन्ततः

युवाहरूको जीवनमा उनीहरूको पूर्ण क्षमतासम्म पुग्न मद्दत गर्नेछ र नेपालको सफलता र समृद्धिमा योगदान पुऱ्याउनेछ ।”

**कार्यक्रमको विवरण र सहभागिता दर्ताका लागि विवरण तलको लिंकमा उपलब्ध छ ।**

www.britishcouncil.org.np

**ब्रिटिस काउन्सिलको बारेमा**

ब्रिटिस काउन्सिल सांस्कृतिक सम्बन्ध र शैक्षिक अवसरहरूको लागि संयुक्त अधिराज्यको एक अन्तर्राष्ट्रिय संस्था हो । हामी संयुक्त अधिराज्य र अन्य देशका मानिसहरूबीच मैत्रीपूर्ण ज्ञान र समझदारिता सिर्जना गर्दछौं । संयुक्त अधिराज्यको सांस्कृतिक स्रोतसाधनहरूको प्रयोग गरेर अवसरहरू सिर्जना, सम्बन्धहरूको निर्माण र विश्वास अभिवृद्धिमार्फत् जीवन परिवर्तन गर्दै हामीले काम गर्ने देशहरूका लागि सकारात्मक योगदान दिन्छौं ।

हामी कला र संस्कृति, अंग्रेजी भाषा, शिक्षा र नागरिक समाजको क्षेत्रमा १०० भन्दा बढी देशहरूसँग काम गर्दछौं । हरेक वर्ष हामी प्रसारण र प्रकाशनहरूमार्फत २ करोडभन्दा व्यक्तिहरूसँग प्रत्यक्ष व्यक्ति-व्यक्तिगत (आमुने-सामुने) र ५० करोडभन्दा बढी मानिसहरू अनलाइन पहुँचमा पुगिरहेका छौं ।

सन् १९३४ मा स्थापित हामी संयुक्त अधिराज्यको कल्याणकारी संस्था हौं, यो रोयल चार्टर र युकेका सार्वजनिक निकायहरूद्वारा शासित/परिचालित छ । हाम्रो आम्दानी अधिकांश हिस्सा अंग्रेजी शिक्षण र परीक्षाहरू, शिक्षा र विकासका सम्झौताहरू तथा सार्वजनिक र निजी संगठनहरूसँग साझेदारीलगायतका व्यापक श्रृङ्खलाका परियोजना र सम्झौताहरूबाट प्राप्त हुन्छ । हामीलाई संयुक्त अधिराज्य सरकारबाट १८ प्रतिशत कोष प्राप्त हुन्छ ।

ब्रिटिस काउन्सिलका बारेमा थप जानकारीका लागि: www.britishcouncil.org.np

यस परियोजनाका बारेमा थप जानकारीका लागि


| | |
|---|---|
| भोगेन्द्र लामिछाने | श्रीलुना श्रेष्ठ |
| कार्यक्रम व्यवस्थापक- अंग्रेजी | सञ्चार अधिकृत |
| ९७७ ९८५११६९०६२ | ९७७ ९८५११६९०५८ |
| bhogendra.lamichhane@britishcouncil.org.np | shriluna.shrestha@britishcouncil.org.np |